| | |
|---|---|
| बैठकको उद्देश्य: | प्राधिकरण/एचआरआरपी समन्वय बैठक, काभ्रेपलाञ्चोक |
| बैठक मितिः: | २०७४ साल कार्तिक ३० गते |
| बैठक समय: | ११:०० देखि १:३० बजे सम्म |
| बैठक स्थान: | प्राधिकरणको हल, धुलिखेल, काभ्रे |
| बैठक सहजकर्ता: | रेश्मा श्रेष्ठ |
| माईनुट लिने अधिकारी: | रेश्मा श्रेष्ठ |
| | |

छलफल:

**प्राधिकरण अपडेट**

- जिल्लाको पुन:सर्वेक्षण तथा पुन:जाँच २१ कार्तिक २०७४ मा सकिएको छ। सर्भेक्षणमा नयाँ गुनासो समेत संकलन गरिएको थियो। पनौति, नमोबुद्ध (साविकको दाप्चा काँशिखण्ड) र पाँचखालले नयाँ गुनासोहरूको सर्वेक्षण पुरा गर्न बाँकी छ। सर्भे टिम फिर्ता भइसकेको हुनाले यो सवाललाई प्राधिकरणको केन्द्रिय सचिवालयमा पठाइनेछ र समाधानका लागि उपाय खोजिनेछ।
- सल्ले भुम्लुको फिल्ड भ्रमणमा जादा २४ घरधुरी भएको एक दलित बस्ती निकै जोखिमपुर्ण अवस्थामा पाईएकोले एकिकृत बस्ती बसोबासको लागि सम्भावनाको खोजी भइरहेको छ। साझेदारसंस्थाहरुलाई पनि उक्त दलित समुदायलाई सहयोग गर्न अनुरोध गरिएको थियो।
- प्राधिकरणको केन्दि्य सचिवालय मार्फत प्रत्येक प्राधिकरणको जिल्ला सचिवालयहरुका लागि केहि जिविकोपार्जन बजेट रकम छुट्याइनेछ। जिविकोपार्जन क्षेत्रमा काम गरिरहेका साझेदार संस्थाहरुलाई कार्य योजना बानाउन सम्पर्क गरिनेछ।
- साझेदारसंस्थाहरुलाई चुनाव आचार संहिताको पालना गर्दै पुनर्निर्माणका कामहरु गर्न अनुरोध गरियो।

**MOFALD/DTO/DLPIU अपडेट**

- जिल्लामा ६५,४२८ लाभग्राहीहरुले पहिलो किस्ता, ८,४४७ ले दोस्रो किस्ता र १,५३० लाभग्राहीहरुले तेस्रो किस्ता प्राप्त गरेका छन्।
- EMRP परियोजना अन्तर्गत पुनर्निर्माणका लागि पहिला छानिएका ८२ वटा गुम्बाहरुको पुन:सर्वेक्षणको काम विशेषज्ञ टोली मार्फत केही हप्ता भित्रमा गरिनेछ।

**DCC अपडेट**

- साझेदारसंस्थाहरुको पुनर्निर्माण कामको अनुगमन चुनाव सकिए लगत्तै गरिनेछ। साझेदारसंस्थाहरुको फिल्ड कार्यक्रमलाई सहजिकरण गर्न र अझ सरल बनाउन सम्भाव्य उपायहरुको खोजि गरिनेछ।

**MoUD/CLPIU, M&E अपडेट**

- कार्तिक महिना अवधिभरमा ८४७ फाइल दोस्रो किस्ताको लागि र ९६० फाइल तेस्रो किस्ताको लागि MoFALD/DLPIU मा पठाइएको छ।
- सबै प्राविधिकहरुलाई सार्वजनिक विदामा बाहेकका दिनहरूमा अनिवार्य रुपमा आफ्नो कार्यक्षेत्रमा बस्न, लाभग्राहीहरुलाई सहयोग प्रदान गर्न र पुनर्निर्माण कामलाई पौष महिनाको म्यादभित्र तीव्रता दिइ पुरा गर्न निर्देशन दिइएको छ।
- सबै साझेदारसंस्थाहरुलाई आफ्नो कार्यक्षेत्रमा DLPIU का इन्जिनियरहरुसँग समन्वय गर्दै सम्भव भएसम्म निरीक्षण फारम भर्नका लागि प्राविधिक सहायता विस्तार गर्न अनुरोध गरियो।

**आवास पुनर्निर्माण र जिविकोपार्जन चूनौतीहरु/अनुभव आदानप्रदान**

- HELVETAS : १७२ वटा डकर्मी तालिम कार्यक्रमका अवधिमा ३४४ घरहरुको निर्माण काम सम्पन्न भएको छ। तालिम पछि डकर्मीहरुले थप १०० घरहरुको निर्माण काम सम्पन्न गरेका छन् भने १६० घरहरु निर्माणाधिन अवस्थामा छन्।
- १५जना डकर्मीहरु प्रबलीकरण तथा मर्मतका लागि च्यामराङ्गबेशीमा ५० दिने व्यवसायिक तालिम OJT मा भर्ना भएका छन्। उक्त तालिम अवधिभर ३ वटा माटो जोडाइको ढुंगे गारोवाला घरहरुको प्रबलीकरण हुनेछ।
- यस्ता व्यवसायिक तालिमले भवनको मापदण्ड पुरा गर्नुका साथै उनीहरुको जिविकोपार्जनमा समेत टेवा पुग्ने हुँदा HELVATAS लाई


©2017 HRRP | All Rights Reserved

उक्त तालिमको योजना बनाई जिल्लामा विस्तार गर्न प्राधिकरणद्वारा अनुरोध गरियो । साथै, प्रबलीकरण क्रियाकलापहरु प्राधिकरणको नियमानुसार गर्न सुझाव दिइयो ।

- Habitat for Humanity/ ASF :
  - २५० घरधुरीहरुले प्रथम किस्ता र ८३ घरधुरीहरुले दोस्रो किस्ता प्राप्त गरेका छन् । थप ५० घरधुरीहरु दोस्रो किस्ता प्राप्त गर्ने तयारी अवस्थामा छन् । प्राधिकरणसँग भएको सम्झौता बमोजिम लाभग्राहीहरुलाई तेस्रो किस्ता प्राधिकरणद्धारा दिइनेछ । DTCO को सूचना व्यवस्थापन प्रणालीले तेस्रो किस्ताको मात्र छुट्टै प्रत्यक्ष निकासा गर्न नदिने भएको हुनाले यस संस्थाले सहयोग गरेएका लाभग्राहीहरुलाई तेस्रो किस्ता निकासा गर्न सफ्टवेयरको स्तरोन्नति गरिनु आवश्यक छ ।
  - ५१० घरधुरी मध्ये २०० घरधुरीलाई जोखिमपूर्ण अवस्थाका लागि थप सहयोग (top up) रकम प्रदान गरिएको छ ।
  - विपन्न तथा कमजोर घरधुरीहरूलाई (vulnerables) लागि ३२०० CSEB ब्लक सहयोग गरिएको छ । पाँचखालमा CSEB ब्लक हलो कंक्रिट ब्लमको तुलनामा ३ रुपैयाले सस्तो छ ।
  - ३७ घरहरु मध्ये ७ घरहरु अति विपन्न तथा कमजोर घरधुरीका लागि बनाइएको र उक्त घरहरुको निर्माण सम्पन्न भएको छ ।
  - नगरपालिकाबाट अनुमतिका लागि चाहिने ब्लु प्रिन्ट निकाल्नका लागि जमिन सर्वेक्षण विभागले सबैभन्दा बढि समय लगाईदिन्छन् । प्राधिकरणले उक्त प्रक्रियालाई तीव्रता दिन घरधुरीहरुको नामा सूची दिन अनुरोध गरियो ।
  - पहिचान भएका ४० घरधुरीहरुले हाई टेन्सन तार, सम्पत्ति सम्बन्धि विवाद, हराएका व्यक्ति आदि कारणले पुनर्निर्माण कार्य गर्न सक्ने छैन ।
  - प्राधिकरणले यस संस्थालाई इच्छुक लाभग्राहीहरुको पहिचान गरी CSEB ब्लक उत्पादन गर्न अनुरोध गरियो ।

**Samaritan's Purse:**

- निर्माणाधिन ३१ Earth-bag घरहरुको निर्माण २९ मंसिर भित्र सकिने लक्ष्य राखिएको छ ।

**SJASK:**

- ३८१ घरधुरीहरुले घर निर्माण सम्पन्न गरेका छन् भने ७ घरधुरीहरु माथिल्लो तल्लामा पुगेका छन् ।
- ३२१ शौचालयको निर्माण काम सम्पन्न भएको छ भने ६७ वटा शौचालय निर्माणाधिन अवस्थामा छन ।
- सल्लेभुम्लुका २४ विपन्न दलित घरधुरीलाई सहयोगका लागि अनुरोध गरिनेछ ।

**Rotary:**

- ६९घरधुरी मध्ये ६० घरधुरीले २ लाख बराबरको घर निर्माण गरिसकेका छन् र बाँकि किस्ता प्राप्त गर्नेछन भने ९ जनाले गुनासो दर्ता गरेका छन् ।

**Nangshal:**

- जिल्लामा विद्यालय, विपद जोखिम न्यूनिकरण र सरसफाई क्षेत्रमा काम गरिरहेको छ ।

**SABAL:**

- ३ बर्षदेखि विभिन्न तालिम तथा सुरक्षित घर निर्माण सम्बन्धि अभिमुखिकरण/जनचेतना क्रियाकलाप गरिरहेको छ । अब चौथो बर्षमा चाहि सबलले जिविकोपार्जन क्रियाकलाप मात्र संचालना गर्नेछ ।

**UNDP अपडेट:**

- पनौती नगरपालिकाले अनौपचारिक रुपमा साझेदारसंस्थाहरुलाई पनौतीमा अवस्थित ३ खण्डमा विभाजित ३०० मिटर लम्बाइ रहेको सिंचाइ कूलोको मर्मत गर्नका लागि सहयोग मागेको छ । उक्त सिंचाइ कुलोबाट १०,००० हेक्टर जमिनमा सिंचाई सुविधा पुग्ने भई ५,००० घरधुरीहरु लाभान्वित हुनेछन् ।

**उज्यालो**:

१४२ लाभग्राहीहरुले पहिलो किस्ता, १२ लाभग्राहीहरुले दोस्रो किस्ता प्राप्त गरेका छन भने २५ जना थप लाभग्राहीहरु दोस्रो किस्ता पाउन तयारी अवस्थामा रहेका छन् । ४० लाभग्राहीहरुले जग सम्मको निर्माण सम्पन्न गरेका छन् ।

**प्रेरणा :** यस संस्था ३ वटा गा.वि.स. मा कार्यरत छ । पौष सम्म मात्र सिमथलि, सापिङ र भुम्लुटार गा.वि.स.हरुमा विभिन्न जिविकोपार्जन सम्बन्धि सहयोग कार्यक्रमहरु गरिरहेको छ ।


©2017 HRRP | All Rights Reserved

**Caritas Nepal:**

- चाँदनीमन्डनमा ९४८ लाभग्राहीहरुले प्रथम किस्ता, २९० जनाले दोस्रो किस्ता र २१३ जनाले तेस्रो किस्ता प्राप्त गरेका छन्। ५२० घरहरुले पुनर्निर्माण काम सम्पन्न गरेका छन जुन चाहि जम्मा ५७ प्रतिशत हुन आउँछ।
- बालथलीमा ४७४ लाभग्राहीहरुले प्रथम किस्ता, १९० जनाले दोस्रो किस्ता र ११० जनाले तेस्रो किस्ता प्राप्त गरेका छन्। २२५ घरहरुले पुनर्निर्माण काम सम्पन्न गरिएको छ जुन चाहि जम्मा ४७ प्रतिशत हुन आउछ।
- ७ दिने डकर्मी तालिमको ३ वटा कार्यक्रम सम्पन्न भएको छ भने २ वटा कार्यक्रम कोशीपारी क्षेत्र (नाग्रेगर्गचे, माहीफेदा र सानोवाडथली) मा संचालन भइरहेका छन्।

**अपाङ्ग समाज:**

- चालु पुनर्निर्माण कार्यक्रमले अपाङ्गता भएकाहरुलाई बिरलै समावेश गर्ने गरेका छ। त्यसैले साझेदारसंस्थाहरुलाई अपाङ्ग मैत्री पुनर्निर्माण कामहरु गर्न अनुरोध गरियो। साथै साझेदारसंस्था र प्राधिकरणलाई विपन्नता भए वापत थप सहयोग रकम दिन अनुरोध गरियो।
-

**सामुदायिक सारथी नेपाल:**

- सेवा प्रदायक, संचारकर्मी र लाभग्राहीहरुलाई समावेश गराई पैरवी गर्ने कामहरु भईरहेको छ। पैरवी कार्यको समन्वय गर्नका लागि ग्रैह सरकारी संस्थाहरुको संजाल पनि बनाइएको छ।

**HRRP अपडेट:**

- साझेदारसम्झौता पत्रहरुको सूचना प्रणालीमा ईन्ट्री गर्न र उक्त पत्रहरुको फोटोकपी गर्नको लागि ग्रामिण/नगर पालिकाबाट MoFALD को जिल्ला कार्यालयमा ल्याउन MOFALD/DLPIU बाट HRRP लाई अनुरोध आएको हँदा साझेदारसंस्थाहरुलाई यस प्रक्रियामा सहयोग पुऱ्याउन अनुरोध गरियो। एचआरआरपीले उक्त कार्यको लागि साझेदारसंस्थाहरु र वडाका कर्मचारीहरुसँग समन्वय गर्नेछ।
- प्राधिकरणले Hybrid (मिश्रित) संरचना सम्बन्धि पुस्तिका सार्वजनिक गरेको छ। यसमा मिश्रित संरचनाका परिभाषा, नक्शाका आवश्यकता, सामान्य Prototype र मिश्रित संरचनाहरुको नमूना निरीक्षण फारामहरु समावेश गरिएको छ। एचआरआरपीले यस सम्बन्धमा मंसिरको मध्यतिर आधा दिनको अभिमुखिकरण गर्ने योजना राखेको छ।

**बिबिध :**

- प्राधिकरण/एचआरआरपीको बैठक सोमबारका दिन आयोजना गरिनेछ जसले गर्दा फिल्ड स्तरमा भएका साझेदार संस्थाहरुलाई सजिलो हुनेछ।


©2017 HRRP | All Rights Reserved

| S.N. | Attendees | Organization | Phone Number | Email |
|---|---|---|---|---|
| 1 | Dhruba Gaida | NRA Kavrepalanchok | 9851206233 | dgaida022@gmail.com |
| 2 | Lok Nath Regmi | MoFALD/DLPIU | 9851146403 | lok.reg@gmail.com |
| 3 | Maya Bade | DCC | 9841247677 | shresthamaya_363@hotmail.com |
| 4 | Roshan Kesari | M&E Specialist | 9841640357 | roshan_1369@yahoo.com |
| 5 | Raja Ram Gautam | Samudayik Sarathi Nepal | 9841849191 | rajaram@sarathinepal.org |
| 6 | Darpan Gautam | USAID SABAL | 9851155406 | darpan.gautam@savethechildren.org |
| 7 | Raju Adhikari | Ujyalo Gaun Nirman Abhiyan | 9803033835 | bvbmpanchkhal@gmail.com |
| 8 | Manish Gautam | UNDP | 9851012133 | manish.gautam@undp.org |
| 9 | Rama Timalsina | HELVETAS | 9841137724 | rama.timalsina@helvetas.org |
| 10 | Suwash Sapkota | Caritas Nepal | 9801317227 | suwash.caritas@gmail.com |
| 11 | Sagar K Tiwari | Caritas Nepal | 9801317452 | sagar@caritas.org.np |
| 12 | Krishna B.K | ASF Nepal | 9851178789 | bishwakarmakrishna@gmail.com |
| 13 | Dil Prasad Magar | SJASK | 9851185499 | ed.sjask@shantijanaadarsha.org.np |
| 14 | Ashok Shrestha | Rotary Club | 9851122737 | ashok.rotarydh@yahoo.com |
| 15 | Ganesh Kumar Lama | Samaritans Purse | 9860686243 | glama@samaritan.org |
| 16 | Manik Shrestha | Rotary Club Dhulikhel | 9841298744 | manik_ks@yahoo.com |
| 17 | Madhav Bhattarai | Prerana | | prerana.erpc@gmail.com |
| 18 | Chattra Chaudhary | HRRP | 9815639002 | im.kavrepalanchok@hrrpnepal.org |
| 19 | Reshma Shrestha | HRRP | 9841264190 | reshma@hrrpnepal.org |


©2017 HRRP | All Rights Reserved